कमलामाई नगरपालिका
KAMALAMAI MUNICIPALITY
नगर कार्यपालिकाको कार्यालय
OFFICE OF THE MUNICIPAL EXECUTIVE
सिन्धुलीमाढी, सिन्धुली
SINDHULIMADHI, SINDHULI
बागमती प्रदेश, नेपाल
BAGMATI PROVINCE, NEPAL

# अकबरे खुर्सानी खेती प्रबर्द्धन कार्यक्रमका लागि प्रस्ताव आव्हानको सूचना।

(पहिलो पटक सूचना प्रकाशित मितिः २०८२/०८/११)

यस कमलामाई नगरपालिकाको आ.ब. २०८२/८३ को बार्षिक स्वीकृत अकबरे खुर्सानी खेती प्रबर्द्धन कार्यक्रम लाभग्राहिको ३०% लागत साझेदारि रहने गरि संचालन हुन गईरहेको हुँदा यस कमलामाई नगरपालिका भित्र अकबरे खुर्सानी खेती गर्न ईच्छुक कृषि सहकारी/कृषक समुह/कृषि फर्मले यो सुचना प्रकाशित भएको मितिले २१ औं दिन (मिति २०८२/०९/०२) गते सम्ममा कार्यालय समय भित्र आईपुग्ने गरी देहाय बमोजिमका कागजात सहित सम्बन्धित वडाको कृषि प्राविधिक मार्फत वा स्वंयम् यस कार्यालयमा उपस्थित भई निवेदन पेश गर्नुहुन आव्हान गरिन्छ। अन्तिम दिनमा सार्वजनिक विदा परेमा त्यस दिन पछिको कार्यालय खुल्ने दिनमा कार्यालय समय भित्र निवेदन पेश गरिसक्नु पर्नेछ। रित नपुगेको वा म्याद नाधी हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ।

आवश्यक कागजात/शर्तहरु

| क्र.सं. | कार्यक्रमको नाम | कार्यक्रमको कुल लागत | कार्यक्रम संचालन हुने क्षेत्र | प्रस्तावना पेश गर्न सक्ने लाभग्राहि |
|---|---|---|---|---|
| १ | अकबरे खुर्सानी खेती प्रवर्द्धन कार्यक्रम | १.५ लाख | क.न.पा. भित्र | कृषि फर्म/कृषक समुह/कृषि सहकारी |

१) माग निवेदन प्रस्तावना र प्रतिबद्धता पत्र सहित। (प्रस्तावना पत्र सम्वन्धित वडा कार्यालय वा कृषि विकाश शाखा बाट लिन सकिने)
२) सम्वन्धित वडा कार्यालयको सिफारिस पत्र।
३) अकबरे खुर्सानी खेती गरिने जग्गाको लालपुर्जाको प्रतिलिपी वा भाडामा लिइएको भए सम्झौता पत्रको प्रतिलिपी (ऐलानी जग्गाको हकमा सम्वन्धित वडा कार्यालयको सिफारिस मा क्षेत्रफलको विवरण उल्लेख हुनुपर्ने।)
४) कृषि फर्म/कृषक समूह/कृषि सहकारीको दर्ता प्रमाणपत्र, नवीकरण, पछिल्लो समयको कर चुक्ता, प्यान दर्ता प्रमाग पत्रको प्रतिलिपी।
५) कृषक समूह र कृषि सहकारीको हकमा योजना माग तथा तोकिएको मापदण्ड भित्र रहेर खेती गर्ने कृषकको नामावली समेत उल्लेख गरी योजना माग सम्वन्धमा गरिएको तथा जिम्मेवारी तोकिएको निर्णयको छायाँकपी।
६) सम्वन्धित संस्थाले जिम्वेवारी तोकेको प्रतिनिधि/सदस्यको नागरिकता प्रमाणपत्रको छायाँकपी तथा सक्कलै अक्तियारी पत्र।
७) सुचनामा उल्लेखित नभएका कुराहरुको हकमा यस नगरपालिकाको निर्णय तथा नेपालको प्रचलित कानुन बमोजिम हुनेछ।

थप जानकारीको लागि यस कार्यालयको सूचना पाटी, फेसबुक पेज, फोन नं. ०४७-५२१२३४ तथा कार्यालयको वेवसाईट https://kamalamaimun.gov.np बाट प्राप्त गर्न सक्नुहुनेछ।

**बोधार्थ,**

श्री वडा कार्यालय सबै, कमलामाई नगरपालिका - सूचना पाटीमा सूचना टाँस गरिदिनु हुन तथा आवश्यक समन्वय गरिदिनु हुन।

श्री सूचना प्रविधि शाखा - यस नगरपालिकाको आधिकारिक फेसबुक पेज र वेवसाइटमा सूचना राखि तथा सबै वडा कार्यालयलाई ईमेल समेत गर्नु हुन।

विनोद भट्टराई
प्रमुख प्रशासकिय अधिकृत